कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ८ | ने. सं. ११३१ यंलागा दुतिया बुधवाः | २०६८ भाद्र २८ गते बुधवार (Sep-17, 2011) | मुल्य : ५/- (न्यातका)

# कीर्तिपुरवासीको माग पुरा गराउन उपकुलपतिलाई ज्ञापन पत्र दिने

कीर्तिपुर सन्देश /

कीर्तिपुरवासीले लामो समयदेखि माग गर्दै आएका मागहरू समावेश गरि आउँदो शुक्रवार भदौ ३० गते त्रिभुवन विश्वविद्यालयका पहिलो पटक कीर्तिपुरवासी नव नियुक्त उपकुलपति प्रा. डा. हिराबहादुर महर्जनलाई ज्ञापन पत्र दिने भएको छ।

विभिन्न समयमा कीर्तिपुरवासीले आफ्नो हक र अधिकारका लागि गर्दै आएका आन्दोलनहरूको क्रममा पेश गरेका मागहरूलाई नै आउँदो शुक्रवार ज्ञापन पत्र मार्फत माग पेश गर्न लागेको हो। नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरले सो दिन कीर्तिपुर नगरवासी, सांस्कृतिक बाजा गाजा तथा संघ संस्थाहरूको व्यापक सहभागितामा त्रिभुवन विश्वविद्यालयमा ज्ञापन पत्र दिन लागेको हो । कीर्तिपुरमा नेवाः स्वायत्त राज्यको अभ्यासका लागि गृहकार्य गर्दै आएको नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरले भदौ ३० गते विहान पाँगा दोवाटोमा भेला भई कीर्तिपुरवासीका मागहरू समावेश गरि ज्ञापन पत्र दिने कार्यक्रममा सहभागि हुन कीर्तिपुर नगरका सांस्कृतिक बाजा, संघ संस्था, नागरिक समाज र सम्पूर्ण कीर्तिपुरवासीलाई आह्वान गरेको छ।

उक्त कार्यक्रमको तयारिको क्रममा भोली विहिवार साँझ ५ बजे पाँगा दोवाटो स्थित कृष्ण क्याटरिङमा भेला समेत गर्न लागेको परिषद्ले जनाएको छ।

विगतमा कीर्तिपुरवासीले विभिन्न चरणमा गरेका आन्दोलनका क्रममा र ाखेका १२ सूत्रीय मागहरू नै समावेश गरि ज्ञापन पत्र भिसीलाई दिने तयारी भइरहेको जनाएको छ।

कीर्तिपुरवासीले लामो समयसम्म निरन्तर आन्दोलनका कारण पहिलो पटक त्रिविमा कीर्तिपुरवासी प्रा. डा. हिराबहादुर महर्जन उपकुलपतिमा नियुक्ति भएको र उहाँले कीर्तिपुरवासीका समस्या, माग र भावना राम्रो संग बुझ्नु भएका कारण कीर्तिपुरवासीका मागहरू पूरा हुने कुरामा आफूहरू विश्वस्त रहेको नेवाः स्वायत्त राज्य मंकाः परिषद्ले जनाएको छ।

यसैवीच मंकाः परिषद्ले दिएको म्याद भित्र हिजो मंगलवार भाद्र २७ गते अन्ततः आन्दोलनरत प्राध्यापकहरूले नै उपकुलपतिको कार्यालयमा गरेको अनिश्चितकालिन तालाबन्दी खुलेको छ। करिव २ हप्ता अगाडी नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरले सार्वजनिक सभा मार्फत नै उपकुलपति कार्यालयको तालबन्दी खोल्न १५ दिने अल्टिमेटम दिएको सो अल्टिमेटको १६ औं दिनमा सार्वजनिक विदा भएका कारण १७ दिन भाद्र २६ गते त्रिविमा ताला खोल्न मंकाः परिषदको झण्डा सहित परिषद्का नेता तथा कार्यकर्ताहरू भिसी कार्यालय क्षेत्रमा पुगेको थियो । सो क्रममा आन्दोलनरत प्राध्यापक संघ संगठन, नेपाल सरकार, विद्यार्थी एवं अन्य क्षेत्रवाट भाद्र २७ गते मंगलवार सम्मका लागि ताला खोल्ने कार्यक्रम स्थगित गरि २८ गतेदेखि आफूहरूले पनि साथ दिने पटक पटक अनुरोध गरेका कारण भाद्र २७ गते सम्मका लागि स्थगित गरेको र २८ गते विहानै ताला खोल्न आउने कुरा समेत उल्लेख गरि सार्वजनिक रुपमा सूचना नै टाँसेर आएको थियो । सो क्रममा भिसी कार्यालय क्षेत्रमा ब्यापक प्रहरी तैनाथ गरेको र कीर्तिपुर प्रहरी कार्यालयका प्रहरी प्रमुखले सार्वजनिक रुपमै उपकुलपतिकै आदेशमा ताला खोल्न नदिन आफूहरू आएको र आफूहरूलाई समेत अप्ठ्यारो भएको जनाएको थियो । कीर्तिपुरवासीले तालाबन्दी गर्न आउँदा पनि प्रहरी नै बाधक बन्ने र अहिले एक महिना भन्दा बढी समय सम्म बन्द भएको तालाबन्दी खोल्न आउदाखेरि पनि प्रहरी प्रशासन नै कीर्तिपुरवासीको विपक्षमा रहेकोमा आर्श्चय ब्यक्त गरेपछि प्रहरीहरू सो कुरा अनौपचारिक रुपमा बताएका हुन। *बाँकी पेज ८ मा...*



## १ गतेदेखि नगरपालिकामा काम ठप्प गर्ने चेतावनी

कीर्तिपुर सन्देश /

कीर्तिपुर नगरपालिकाका कर्मचारीहरूले असोज १ गतेदेखि नगरपालिका ठप्प गर्ने भएको छ।

कीर्तिपुर नगरपालिकाका कर्मचारीहरूको भेलाले कार्यदल गठन गरि गत शुक्रवार भाद्र २३ गते कीर्तिपुर नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत कृष्ण कुमार निरौलालाई स्मरण पत्र दिंदै सो आन्दोलनको घोषणा गरेको हो । कीर्तिपुर नगरपालिकाले गत असारमा सम्पन्न भएको १६ औं नगर परिषदले कर्मचारीहरूको सेवा सुविधा कटौटि गरेका कारण कर्मचारीहरू आन्दोलनमा उत्रेका हुन।।

*पूरा समाचार ६ पेजमा साथै कर्मचारीहरूको स्मरण पत्र पेज २ मा.........................*

सन्देश मित्र



महिलाहरूद्वारा नेपालभाषा बोल्न जान्ने वडा सचिवको पेज ३

पेट्सान केन्द्रिय कार्यालयको उद्घाटन ६ पेज

मंगल उच्च माविमा बास्केटबल प्रतियोगिता पेज ७



"सरल र विश्वसनीय किनमेलका लागि आस्था"

विशेष छुट

अवसरको फाइदा लिनुहोस

शुभ-विजया दशमी एवं शुभ-दिपावलीको उपलक्ष्यमा

आस्था बचत तथा ऋण सहकारी संस्था लि. द्वारा संचालित

आस्था स्टोर

पाँगा दोबाटो, कीर्तिपुर-१७ फोन नं : ४३३६०३७

## उपस्थितिका लागि अपिल

कीर्तिपुरवासीको माग पुरा गराउन त्रिभुवन विश्व विद्यालयमा ज्ञापन पत्र दिन जानका लागि भदौ २९ गते विहिवार पांगा दोबाटो कृष्ण क्याटरिङमा साँझ ५ बजे हुन गइरहेको बृहत्त भेलामा कीर्तिपुरवासीलाई उपस्थितिका हार्दिक अनुरोध

नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुर

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रबन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी

प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com

# ;DkfbsLo

## कीर्तिपुरवासी एक हुने

विगत ५० वर्षदेखि कीर्तिपुरवासीले निरन्तर रुपमा आफ्नो हक अधिकार का लागि त्रिभुवन विश्वविद्यालयमा जारी राखेको आन्दोलनको क्रममा उठाएका मागहरू पूरा हुन सक्ने अवस्था आएका कारण अहिले कीर्तिपुरवासी एक हुने सम्भावना बढ्दै गएको छ । कीर्तिपुरवासीले पटक पटक गरेका आन्दोलनका क्रममा गरेका १२ सूत्रीय माग पूरा गराउन नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले त्रिभुवन विश्वविद्यालयमा ज्ञापन पत्र दिने तयारी गर को छ । जुन मागमा मंकाः संघर्ष समितिले आफ्नो नयाँ माग कुनै पनि नराखी विगतमा त्रिवि सरोकार समितिदेखि त्रिवि सरोकार सर्वपक्षितय समितिले राखेका मागहरु समावेश गरी त्रिविका नयाँ उपकुलपतिलाई ज्ञापन पत्र दिन लागेको हो ।

विगतका आन्दोलनको क्रममा विभिन्न संघ संस्था ताथ आन्दोलन–कारी पक्षले आफूहरुको कुरा मात्र राख्ने नभई अरुको कुरालाई गौण ठान्ने र सो वीममा नै राजनीतिकर्मीदेखि अन्य पक्षबीच 'फुटाउ र राज गर' नीति लिएर आन्दोनलाई मत्थर पार्ने काम त्रिवि प्रशासनदेखि राज्य सत्ता लागेको सर्वविदितै छ । यस पटक भने कीर्तिपुरमा क्रियाशिल राजनीतक दलहरुले नै तयार गरेका मागदेखि विगतमा गरेका विभिन्न आन्दोलमा राखेका मागलाइ समावेश गरि साभ्का मागको रुपमा प्रस्तुत गरेको कारणले अन्य क्षेत्रवाट विगतमा जस्तो खेल्ने ठाउँ पाउने सम्भावना कम मात्र रहेको र कीर्तिपुरका दलहरुले पनि कीर्तिपुरवासीको माग हैन भन्न नसक्ने हुनाले पनि कुनै पनि पक्षले विरोध गर्न नसक्ने अवस्था सृजना भएको साथै पहिलो पटक कीर्तिपुर वासी त्रिविको उपकुलपतिमा प्रा. डा. हिराबहादुर महर्जन नियुक्ति भएको साथै उहाँ स्वयंले पनि कीर्तिपुरवासीको जायज मागको विषयमा अपरिचित नभएका कारण यस पटक भने माग पूरा गर्न सक्ने अवस्था सृजना भएकोले कीर्तिपुर वासी आफ्नो हक अधिकारका लागि एक भएर अधि बढ्ने अवस्था आएको भन्दा केहि फरक नपर्ला ।

# सम्पादकलाई पत्र

## कारागार डायरी किन प्रकाशित भएन ?

श्रीमान सम्पादकज्यू,
कीर्तिपुर सन्देश साप्ताहिक
कीर्तिपुर,

कीर्तिपुरको लोकप्रिय पत्रिका कीर्तिपुर सन्देश निरन्तर प्रकाशन र उत्तरोत्तर प्रगतिको शुभकामना । पत्रिकाको शुरुवातसँगै निरन्तररुपमा प्रकाशित हुँदै आइरहेको नजरराम महर्जनको कारागार डायरी विगत केही अंकदेखि र किंदा अलि खल्लो लाग्यो । हाम्रो देशमा लोकतान्त्रिक गणतन्त्र घोषणा भएको तीन वर्ष नाघिसक्यो । यो नारा एउटा भ्रममात्र रहेछ भन्ने कुरा कार गार डायरीमा पिडा भोगेका बाजिगर र प्रहरीसँग जिज्ञासा पोख्दा हनुमान ढोकामा थुनिन पुग्नु भएका एकजना १२ कक्षामा पढ्दै गरेका गरी २ जना पिडितहरूको कहानीबाट प्रष्ट हुन्छ ।

जवसम्म कर्मचारी र सम्बन्धित ठाउँमा रहेका कर्मचारी भनुं या अधिकारीहरूको सोचमा लोकतान्त्रिक गणतन्त्र आउँदैन अर्थात सामन्ती सोच हावीरहन्छ तबसम्म नजरराम दाइजस्ता निर्दोषहरूले कसैको जाहेरीको भरमा कारागारमा थुनुवाको जीवन बिताउनु पर्ने हुन्छ ।

आशा छ कारागार डायरी पुनः प्रकाशित हुन्छ । र अफै बाजिगर जस्ता पिडितहरूको कहानिबाट अफै नेपालमा न्याय प्रणाली कस्तो छ भन्ने कुरा ऐना हेरेजस्तै हेर्न सकिन्छ ।

धन्यावद

**रोशन महर्जन**
**कीर्तिपुर**

# की.न.पा.का कर्मचारीहरूको अल्टिमेटम

**(गत भदौ २३ गते शुक्रवार कीर्तिपुर नगर पालिकाका कर्मचारीहरूले नगरपालिकाका कार्यकारी प्रमुखलाई दिएको स्मरण पत्र)**

मिति २०५३ साल चैत्र १४ गते स्थापित कीर्तिपुर नगरपालिकामा कार्यरत हामी कूल ८० जना कर्मचारीहरू अधिकांश त स्थानीय बासिन्दा नै भएको र स्थानीय निकायको काम विशेषत विकास निर्माणसँग सम्बन्धित हुने र सो योजनाहरूसँ भावनात्मक र एक हिसाबले उपभोक्ताहरू समेत भएकोले साँफ बिहान धेरै जसो सार्वजनिक विदाका दिनहरूमा समेत काम गर्नु पर्ने स्थितिलाई मध्यनजर राखि २०५४ सालमा निर्वाचित प्रतिनिधिका पालामा र जनप्रतिनिधि विहीन अवस्थामा पनि कर्मचारी संयन्त्र माथि पनि आएको थप कार्यभार समेतलाई विचार गरि कर्मचारी हरूको मांग, संस्थाको नीति र क्षमतालाई समेत विचार गरि राजनैतिक दलको संयन्त्रद्वारा गठित प्रशासन तथा राजश्व सुधार समितिको सिफारिस, १५ औं नगर परिषदको स्विकृतिमा विगत वर्षहरूदेखि नं थप न.पा. सुविधा स्वरुप शुरु तलबमानको १२ प्रतिशतका दरले खाइपाइ आएको सुविधा भत्ता निलम्बन गर्ने तथा प्रोत्साहन स्वरुप उपलब्ध गराउँदै आएको इन्धन सुविधामा कटौती गर्ने १६ औं नगर परिषदको निर्णयप्रति हाम्रो गम्भीर ध्यान आकृष्ट भै यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको २०६८ असार ३१ गते भएको भेलाले गठन गरेको कार्यदल तथा २०६८ श्रावण ३ गतेको कर्म–चारी भेलाको निर्णयको आधारमा मिति २०६८/०४/०३ मा प्रस्तुत विभिन्न मागहरू सहितको विशेष अनुरोध पत्र पेश गरेकोमा सो विषयमा हालसम्म पनि कुनै उपलब्धीमूलक काम कारवाही अगाडि नदेखिएको सन्दर्भमा श्रीमानको ध्यानाकर्षण सहित स्मरण गराउन चाहन्छौं ।

एकातर्फ १६ औं नगर परिषदको मर्म अनुसार कर्म–चारीहरू थप जिम्मेवारीबोध सहित क्रियाशील हुनु पर्नेछ भने अर्कोतर्फ हामी समग्र कर्मचारीहरू उपर एकमुष्ठ कार वाही स्वरुप गरिएका निर्णयको आधारमा माथि उल्लेखित सेवा, सुविधा दुई महिनाको लागि निलम्बन गरिएको छ । तसर्थ उक्त म्याद आगामी भाद्र ३१ गते सकिने भएकोले उक्त अवधि भित्र साविकको सेवा, सुविधामा नघट्ने गरी निकास पहिल्याउन हुन हार्दिक अनुरोध गर्दछौं, साथै उक्त अवधिमा सहायक स्तरका कर्मचारीहरूलाई मात्र इन्धन लगायतका थप सुविधाबाट बञ्चित गरिएको विषयमा समेत आपत्ति प्रकट गर्दै सम्पूर्ण कर्मचारी उपर गरिएको कारवाही तत्काल फिर्ता सहित गत श्रावण ३ गते प्रस्तुत मांगका विषयमा तत्काल सम्बोधन गर्नुभै कार्यालयमा कार्य सम्पादन गर्ने मनोवैज्ञानिक वातावरण तयार गरिदिनु हुन अनुरोध गर्दछौं । अन्यथा तत्कालिन परिस्थितिलाई मध्यनजर राख्दै व्यवस्थापन पक्षसँग आन्दोलन स्थगन गर्न गरिएको सौहार्दपूर्ण समफदारीलाई कमजोरी ठानी हाम्रो भावना विपरित परि षदबाट कुनै अप्रिय निर्णय भएको खण्डमा कलम बन्द लगायतका पूर्व निर्धारित कार्यक्रमहरू मिति २०६८/०६/०१ गतेदेखि शुरु गर्न बाध्य हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।



**सम्पूर्ण कर्मचारीहरूको भेलाबाट गठित कार्यदल**

संयोजक अनुज प्रधान, सदस्यहरूमा केशव महर्जन, चन्द्र माया महर्जन, विजयलोचन सुवेदी, रामकृष्ण महर्जन, आमन्त्रित सदस्यहरू- सुजिन्द्र महर्जन, कृष्णभोला महर्जन, जनक थापा

कर्मचारीहरूको मांगहरू निम्न बमोजिम छन

(क) सर्वप्रथम विगत धेरै समयदेखि अत्यन्त न्यूनतम बेतनमा करारमा कार्यरत ११ जना कर्मचारीहरूको हकमा वर्षौदेखि कार्यदल गठन भै टुङ्गो लाग्न नसकी हालसम्म पनि अध्ययन र छलफलमा नै सिमित रहेकोमा सम्पूर्ण कर्मचार ीहरूको विगतदेखि खाईपाई आएको सुविधा विना अध्ययन, छलफल सरोकारवालासँग परामर्श एवम् सामान्य सफाईको समेत अवसर नदिई एकैछिनमा हचुवाको भरमा कटौती र सस्पेन्ड गर्ने निर्णय न्याय एवं कुनै पनि दृष्टिकोणबाट तर्क संगत नभएकोले सम्पूर्ण कर्मचारीहरूको तर्फबाट घोर भत्सर्ना गरि आपत्ति प्रकट गर्ने,

(ख) न.पा. कार्यालय तथा वडा कार्यालय हरूमा प्रभावकारी काम गर्ने वातावरण श्रृजना गर्नको लागि पायक पर्ने स्थानमा न्यूनतम सुविधा सम्पन्न आफ्नै कार्यालय भवन हुनु पर्ने ।

(ग) सम्भवत: जनसंख्याको अनुपातमा सबैभन्दा कम कर्मचारीद्वारा संचालित न.पा. भएको ।

(घ) आ.व. ०६५/०६६ को न्युशकास (MCPM) मा कर्मचारीहरूको अथक प्रयासले यस नगरपालिका पहिलो श्रेणीका १४ न.पा.भित्रमा पर्न सफल भै आ.व.०६६/०६७ मा साविक भन्दा करिव सवा करोड थप अनुदान प्राप्त भएको ।

(ङ) जनप्रतिनिधि विहीन अवस्थामा कर्मचारीले थप कार्यभार बहन गर्नु परेको ।

(च) १६ औं नगरपरिषदले कर संकलन लगायत प्रभावकारी कार्यान्वयनको लागि थप कार्यभार सृजना गरि एकोमा सामान्यतः अफ थप प्रोत्साहन सुविधाको आशा गरि एकोमा खाईपाई आएको सुविधा समेत कटौती गरिनु वैज्ञानिक एवं न्याय संगत नभएको ।

(छ) सेवाग्राहीलाई सरल, सुलभ र प्रभावकारी सेवा प्रवाहमा हामी अफ बढी जिम्मेवारी बहन गर्न प्रतिवद्ध रहने ।

(ज) नगरपालिकाले उपलब्ध गराउने समग्र सेवा प्रवाह कार्यालय व्यवस्थापन समेतका विषयमा सरोकारवाला सम्पूर्ण पक्षहरूसँग खुल्ला बहस, छलफल गरि नयाँ कार्य योजना सहित अगाडि बढ्न हामी सदेव तयार रहेको ।

# लेखकको भनाई

श्रद्धेय पाठकवृन्द,

कारागार डायरी प्रति तपाईंहरूले देखाउनु भएको चासोको लागि सधन्यवाद ।

मैले नौ महिना भद्रवन्दी गृहमा थुनुवाको रूपमा भोगेर आएको पिडा यस पत्रिकामा मात्र छापेर के भ्याउँछ र ? तैपनि कानूनी फण्डामा मानिस कसरी परिन्छ भन्ने जानकारी दिनु पर्ने देखिएकोले र अदालतबाट फैसला नभइकन कसैलाई पनि अपराधी ठान्नु हुन अनुरोध गर्न चाहन्छु । साथै परिवन्दले मानिसलाई कस्तो स्थितिमा पुऱ्याउन सक्छ भन्ने जानकारीको लागि पनि यो डायरी प्रकाशित गर्नु पर्ने आवश्यक ठानेर फेरि प्रकाशित गर्न लागेको हुँ ।

मेरो यस डायरी पढेर प्रभावित हुनु भएका एकजना सहृदयी मित्रले मेरो डायरीलाई उपन्यासको रुप दिन अनुर ोध गर्नुभएको कारण 'जिउँदो लाशको मुर्दो आवाज' 'नखाएको विष' शीर्षकको



उपन्यास छापिदिने वचन दिनु भएको छ । तैपनि उपन्यास प्रकाशनमा नआउन्जेल केही भाग तपाईहरूको अनुरोधका कारण प्रकाशित गर्न लागेको छु । धन्यवाद

**–नजरराम महर्जन**

# नगाउँका महिलाहरूद्वारा नेपालभाषा बोल्न जान्ने वडा सचिवको माग







युवा जागरण विकास केन्द्रको आयोजनामा र सहयोगी संस्था स्थानीय शासन तथा जवाफदेहीता सहजीकरण हेटौंडाले सार्वजनिक सुनुवाइ तथा कार्यान्वयन प्रतिवद्धता सुनुवाइ कार्यक्रममा सहभगीहरू

**यस वर्ष अर्थात ०६८/०६९ आ.व.म महिला वालवालिका तथा जेष्ठ नागरिकको लागि बीस लाख रुपैयाँ बजेट छुट्याईएको छ । जुन अहिलेसम्म माइन्यूटमा लेखेको छैन ।**

कीर्तिपुर सन्देश/

कीर्तिपुर नगरपालिका वडा.नं.१६ नगाउँ लाछीमा युवा जागरण विकास केन्द्रको आयोजनामा र सहयोगी संस्था स्थानीय शासन तथा जवाफदेहीता सहजीकरण हेटौंडाले गत भाद्र २२ गते विहिवार सार्वजनिक सुनुवाइ तथा कार्यान्वयन प्रतिवद्धता बारे सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गऱ्यो ।

सो कार्यक्रममा नगाउँका स्थानीय आदिवासी नेवार महिलाहरूले कीर्तिपुर नगरपालिकावाट वडा सचिवमा नेपालभाषा बोल्न जान्ने सचिवलाई मात्र पठाउनु पर्ने माग गरेका थिए। नेवारहरूको बाहुल्यता भएको पुरानो बस्ती नगाउँमा खुल्ला रुपमा आयोजना गरेको सो कार्यक्रममा सहभागी भएका अधिकांश महिलाहरूले आफूहरूको वडा नं. १६ मा वडा सचिव गैर नेवार भएकोले अथवा नेपालभाषा बोल्न नजान्ने भएकोले आफूहरू मात्र नभई स्वयं वडा सचिवलाई समेत अप्ठ्यारो पर्ने गुनासो गर्दै नेपालभाषा बोल्न जान्ने वडा सचिव नै पठाउनुपर्ने माग गर्नुभयो।

आफूहरूले खसभाषा अर्थात नेपाली भाषा बोल्न नजान्ने र कीर्तिपुर नगरपालिकाबाट आउने वडा सचिवले नेपालभाषा बोल्न नजान्ने भएका कारण स्थानीय महिलाहरू र वडा सचिव वीच संवाद नै नहुनुका साथै वडामा के कति कामहरू भइरहेको र आइरहेको छ भन्ने विषयमा समेत जानकारी नहुने गुनासो गरेको थियो। हालसम्म वडाले महिलाको लागि कति बजेट छुट्याईएको छ त्यो स्वयं महिलाहरूलाई नै थाहा नभएको बताउनु भयो।

नागरिक अगुवा रमेश महर्जनले कार्यक्रममा सबैजनालाई स्वागत गर्नुहुँदै कार्यक्रमको औचित्य बारे प्रकाश पार्नुभयो।

नगरपालिकाको कर्मचारी वडा सचिव विजय लोचन प्रमुख अतिथि रहेको उक्त कार्यक्रममा महिला बालबालिका तथा जेष्ठ नागरिक शिर्षकमा नगरपालिकाले के कति बजेट तर्जुमा भएको छ भन्ने बारे छलफल हुँदा वडा सचिवले नगाउँको सामुदायिक भवन निर्माण गर्न खर्च भएको जानकारी दिनुभयो।

जब कि त्यो रकम एल जि सि डी पीबाट लागत सहभागितामा प्राप्त भएको हो । आ.व.२०६६/०६७ र आ.व.०६७/०६८ दुई वर्षसम्म महिलाको लागि कुनै बजेट छुट्याइएको थिएन। यस वर्ष अर्थात ०६८/०६९ आ.व.मा महिला वालवालिका तथा जेष्ठ नागरिकको लागि बीस लाख रुपैयाँ बजेट छुट्याईएको छ। जुन अहिलेसम्म माइन्यूटमा लेखेको छैन।

उक्त कार्यक्रममा एनेकपा माओवादीको तर्फबाट रत्नवहादुर महर्जन, नेकपा एमालेको तर्फबाट गंगाराम महर्जन र नेपाली कांग्रेसको तर्फबाट राजेन्द्र महर्जनले सहभागिता जनाएका थिए।उक्त कार्यक्रममा महिला सहभागिता उल्लेखरूपमा उपस्थित थिए। सहभागितामध्ये पार्वती महर्जन, सुमित्रा महर्जन, समिता महर्जन, मंजुल महर्जन, चन्देश्वर महर्जन र बाबुराम महर्जनले पनि प्रश्न र जिज्ञासा राख्नुभएको थियो।

## कीर्तिपुर शाखा द्वारा गाँजा बोट फडानी

कीर्तिपुर सन्देश/

मानव अधिकार संगठन कीर्तिपुर शाखाका अध्यक्ष शोभा महर्जन (शाक्य)को अगुवाईमा कीर्तिपुर नयाँबजार देखि बसस्टप, त्रि.वि. पर्खाल वरिपरि–रहेका ठूलठूला गाँजाका बोटहरु आइतवार फडानी गरिएको छ ।प्राकृतिक रूपमै जताजतै उम्रेका गाँजाका बोटहरूले कीर्तिपुर प्रवेशमै कीर्तिपुरलाई गंजेडीको रूपमा चिनाइरहेको र दुर्व्यसनीहरूले सुवर्ण अवसर प्राप्त गरिरहेको हुँदा सो गाँजाको बोटहरू नष्ट गर्न अध्यक्ष शोभा महर्जन (शाक्य) लगायत उपाध्यक्ष रचना श्रेष्ठ, सदस्यहरू राजकुमार महर्जन 'नथा', बच्चुराम श्रेष्ठ, मीना महर्जन, रामकृष्ण भण्डारी, सल्लाहकारहरू बाबु–राम महर्जन, नीलकण्ठ अमात्य र रामगोविन्द




महर्जनको सहभागिता रहेको थियो । साथै प्रहरी प्रभाग कीर्तिपुरका प्रहरीहरूको पनि सहभागिता रहेको थियो । फडानी गरिसकेपछि गाँजाका बोटहरूलाई एक ठाउँमा जम्मा पारी आगो लगाई नष्ट गरेको थियो।

## १ गतेदेखि नगरपालिकामा काम ठप्प गर्ने चेतावनी

धेरै समयदेखि अत्यन्त न्यूनतम बेतनमा करारमा कार्यरत ११ जना कर्मचारीहरूको हकमा वर्षौंदेखि कार्यदल गठन भै टुङ्गो लाग्न नसकी हालसम्म पनि अध्ययन र छलफलमा नै सिमित रहेकोमा सम्पूर्ण कर्म–चारीहरूको विगतदेखि खाईपाई आएको सुविधा विना अध्ययन, छलफल सरोकारवालासँग परामर्श एवम् सामान्य सफाईको समेत अवसर नदिई एकैछिनमा हचुवाको भरमा कटौती र सस्पेन्ड गर्ने निर्णय न्याय एवं कुनै पनि दृष्टिकोणबाट तर्क संगत नभएकोले सम्पूर्ण कर्मचारीहरूको तर्फबाट घोर भत्सर्ना गरि आपत्ति प्रकट गर्ने, न.पा. कार्यालय तथा वडा कार्यालयहरूमा प्रभावकारी काम गर्ने वातावरण श्रृजना गर्नको लागि पायक पर्ने स्थानमा न्यूनतम सुविधा सम्पन्न आफ्नै कार्यालय भवन हुनु पर्ने,सम्भवतः जनसंख्याको अनुपातमा सबैभन्दा कम कर्मचारीद्वारा संचालित न.पा. भएको, आ.व. ०६५/०६६ को न्युशकास (MCPM) मा कर्मचारीहरूको अथक प्रयासले यस नगरपालिका पहिलो श्रेणीका १४ न.पा.भित्रमा पर्न सफल भै आ.व.०६६/०६७ मा साविक भन्दा करिव सवा करोड थप अनुदान प्राप्त भएको लगायतका ८ सूत्रीय माग राखि कर्मचारीहरूले आन्दोलन गर्दै आएका हुन । १६ औं नगरपरिषद् सम्पन्न भएपछि नै तत्कालिन अवस्थामा पनि कर्मचारीहरूले आफूहरूको सुविधा कटौति गर्न नहुने भन्दै आन्दोलन गरेको समयमा सानुबाबु परियारको नेतृत्वमा कार्यदलले १५ दिने अल्टिमेटम समेत दिएको थियो। अल्टिमेटम गत साउन १७ गते नै समाप्त भएको र सो वीचमा कार्यदलका नेतृत्वकर्ता संयोजक सानुवावु परियारले राजीनामा दिएको र नयाँ कार्यकारी अधिकृतले समस्या समाधानका लागि केहि समय पर्खन अनुरोध गरेका कारण स्थगित गरिएको सो आन्दोलन दुई महिना सम्म पनि केहि सुनवाई नभएका कारण आउँदो असोज १ गतेदेखि कलम बन्द गर्ने घोषणा गरेको हो। कर्मचारीहरूको कार्यदलको संयोजकमा अनुज प्रधान रहनु भएको छ। गत भाद्र २३ गते अनुज प्रधानको नेतृत्वमा कर्मचारीहरूले स्मरण पत्र दिदै आन्दोलनको घाषणा गरेको हो


## हार्दिक श्रद्धाञ्जली

जन्म :
ने.सं.१०३७
ञलागा अष्टमी



मृत्यु :
ने.सं.११३१
ञलागा पूर्णिमा

**स्व. बुलाल महर्जन**

यस संस्थाका संस्थापक सदस्य तथा संचालक श्री ज्ञान वहादुर महर्जनको हजुर बुबा **बुलाल महर्जन**को यही भाद्र २६ गते सोमवार ८५ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं । सहयोग पाइरहने अपेक्षा गर्दछौं ।

**सिष्टमेटिक सेभिंग एण्ड क्रेडिट कोअपरेटिभ लि..**

**हनुमानघाट, पाँगा रोड कीर्तिपुर-१७**

## नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

| नेपालभाषा | नेपाली भाषा | नेपालभाषा | नेपाली भाषा |
|---|---|---|---|
| पाले | काट्नु | मुने | भेला हुनु |
| पुये | बडार्नु | मुये | विष्फोटनहुनु |
| पुने | लगाउनु | म्वाये | बाँच्नु |
| पुले | तिर्नु | म्हने | सपनादेख्नु |
| प्याये | भिज्नु | म्हये | माग्नु |
| प्वले | छोडाउनु | म्हिते | खेल्नु |
| फये | थाप्नु | हुये | पुछ्नु |
| फःस्वये | फर्केरहेर्नु | याये | गर्नु |
| फ्यतुये | बस्नु | ययेके | मनपराउनु |
| बिये | बित्नु | लाये | पकड्नु |
| बिये | दिनु | लिधने | अडेसलाग्नु |
| बुले | मुछ्नु | लिये | उखेल्नु |
| ब्यने | फुस्कनु | लुकुबिये | अस्ताउनु |
| ब्वने | डाक्नु | लुधने | सन्तुष्टहुनु |
| ब्वये | उड्नु | लुये | पाउनु |
| ब्वये | प्रदर्शनगर्नु | ल्वाके | भिडाउनु |
| ब्वलने | हुर्कनु | ल्हाये | कुरा गर्नु |
| भुने | बेर्नु | ल्हवने | उचाल्नु |
| भपुये | घोप्ट्याउनु | ल्हवये | ओकल्नु |
| माले | खोज्नु | वाये | खेर फाल्नु |
| मिये | बेच्नु | वाले | मुछ्नु |
| मुइके | हान्नु | वांखाये | मुख बाउनु |

# पल्सर स्पोर्टस अवार्ड २०६७ कार्यक्रम सम्पन्न


नवीन महर्जन

नेपाली खेलकुदको सर्वाधिक चर्चित तथा वृहत् पुरस्कार कार्यक्रम 'पल्सर स्पोर्टस् अवार्ड २०६७' गत आइतवार भाद्र २५ गते प्रज्ञा भवनमा सम्पन्न भएको छ । नेपाल खेलकुद पत्रकार मञ्चले यो अवार्ड प्रत्येक वर्ष आयोजना गर्दै आइरहेको छ । यसपालीको संस्करणमा जम्मा आठ विधा समावेश गरिएका थिए जसमा निम्न खेलाडिहरूले अवार्ड जित्न सफल भएको छ ।

१ उत्कृष्ट पुरुष खेलाडि दिपक महर्जन बक्सिंग
२.उत्कृष्ट महिला खेलाडि जमुना राई फुटवल
३.उत्कृष्ट युवा खेलाडि नेरी थापा क्रिकेट
४.उत्कृष्ट प्रशिक्षक प्रचण्ड शर्मा बक्सिंग
५.उत्कृष्ट पारा एथलेट बिक्रम वहादुर थापा एथलेटिक्स
६.सर्वाधिक लोकप्रिंय खेलाडि सिपोरा गुरुंग भलिवल
७.स्पेशल भागीरथ आले (मामा)/ दिलिप राई फुटवल
८.लाईफ टाइम एचिभमेन्ट रमेशराज जोशी टेबुल टेनिश

यस अवार्ड कार्यक्रमको प्रमुख अतिथी युवा तथा खेलकुद मन्त्री कमला रोका, विशेष अतिथि मुख्य प्रायोजक हंसराज हुलासचन्द एण्ड कम्पनीका निर्देशक शेखर गोल्छा सहित अन्य नेपाली खेलकुदका हस्तिहरू अतिथीको रूपमा उपस्थित थिए । उहाँहरूले विभिन्न विधाका उत्कृष्ट खेलाडिहरूलाई अवार्ड एवं अन्य वितरण गरेका थिए ।

यस नेपाली खेलकुदको चर्चित अवार्ड वितरण कार्यक्रममा उत्कृष्ट महिला र पुरुष खेलाडिले पल्सर मोटरसाइकल सहित ट्रफी एवं अन्य उपहारहरू पुरस्कार स्वरुप पाएका थिए भने अन्य छ विधाका विजेताले नगर रु ३० हजार सहित ट्रफी एवं उपहार हरू पुरस्कार पाएका थिए । यो नगद उपहार प्रायोजक मेगा बैंक थियो । यस कार्यक्रमको आकर्षणको रुपमा रहेको सर्वाधिक लोकप्रिंय खेलाडिका विधामा विजेता सिपोरा गुरुङ र दिपक महर्जन विच ठूलै SMS भोटिङ्ग भएको पाइयो ।सर्वाधिक प्राप्त सिपोरा गुरुङ्गले १,३६,२७२ भोट प्राप्त गरी विजय हुन सफल भएकि छिन भने दोस्रो स्थान प्राप्त दिपक महर्जनले १,२८,६८४ भोट लिन सफल भएको थियो । त्यसैगरी तेस्रोस्थान प्राप्त गर्न सफल सागर थापाले २१,९२६ मत पाउनु भएको थियो । यस अवार्डको लागि कूल २९८५१२ एस एम एस मत पठाएको थियो । ती मध्य निम्न लकी नम्बरका मोबाईलवाला ६ जनाले डिस नेपालको उपहार पाउनु भएको थियो – ९८४६०६१८६८,९८५७०२५३००, ९८४९६५६७३७, ९८४७४२९८८०, ९८४५०३१८३०, ९८४५०३१८३० त्यसैगरी एकजनाले टाइमेक्स घडि पाउनु भएको छ जस्को मोबाईल नम्बर ९८५१०७९९७४ थियो । यस पुरस्कार वितरण कार्यक्रमको विच विचमा नेपाल ब्रेक डान्स फाउण्डेसन द्वारा प्रस्तुत गरेको बी.बोइङ्ग डान्स अति आकर्षक थियो साथै एपीएफको डान्स, दिपकराज गिरिको प्रस्तुति एवं शारीरिक सुगथनको रिमिक्स डान्सले पनि दर्शकलाई आकर्षित बनाउन सफल भएको छ ।

समग्रमा यो अवार्ड वितरण निकै सफल भएको छ । यस्तो कार्यक्रमले खेलकुदको सम्पूर्ण पक्षलाई हौसला बढाउन मद्दत पुर्‍याउने छ साथै देशको लागि केही गरौं भन्ने भावनाको विकास गर्न टेवा पुरदछ । नेपाल खेलकुद पत्रकार मञ्च स्थापना दिन भाद्र २५ लाई स्मरण गराउने हिसाबले आयोजित यो कार्यक्रम निकै रोचक बनाउन खेलकुद पत्रकार एवं कार्यक्रम सञ्चालक संजीव सिल्पकार को पनि ठूलै मेहनत देखिएको छ ।

# १३ औं नगर स्तरिय सहिद राजेन्द्र स्मृतिकप भलिबल प्रतियोगिता हुने

कीर्तिपुर सन्देश/

ईन्द्रायणी परिवार क्लवको कार्यकारी समितिको बैठकले असोज ११ गते घटस्थापनाका दिन "१३औं कीर्तिपुर नगर स्तरिय सहिद राजेन्द्र स्मृति कप भलिबल प्रतियोगिता" को औपचारिक खेलको समुदघाट्न गर्ने निर्णय गरेको छ । विगत १५ वर्षदेखि निरन्तर आयोजना भईरहेको कीर्तिपुरकै एक मात्र नगर स्तरिय भलिबल प्रतियोगिता जन आन्दोलन २०४६ मा सहादत प्राप्त कीर्तिपुरका सहिदहरूको नाममा समर्पित रहेको क्लवका अध्यक्ष सुरेन्द्र महर्जनले बताउनु भयो ।

प्रत्येक साल नेपालीहरूको महान् चाड बडादशैं तथा न्हू दू ( नेपाल सम्वत नवबर्ष) को सुखद उपलक्ष्यमा आयोजना हुदै आइरहेको यस प्रतियोगिता तेह्रौं संस्करण सफलतापूर्वक संचालन गर्न क्लवले एक संयोजक सहित ७ सदस्यीय मुल आयोजक कमिटि पनि सर्वसम्मतीले चयन गरेको छ । मुल आयोजक कमिटिको संयोजकमा भुवन महर्जन एवं सदस्यहरूमा क्रमशः जिज्जन महर्जन, विक्किराज महर्जन, निवेन महर्जन, रिवेक महर्जन, सुरेन्द्र 'ख' महर्जन र केशव महर्जन रहेका छन् । कीर्तिपुर नगरको एक मात्र ऐतिहासिक भलिवल प्रतियोगिता "सहिद राजेन्द्र स्मृतिकप भलिवल प्रतियोगिता" सफलतापूर्वक संचालन गर्न कीर्तिपुरस्थित विभिन्न सघ(संस्था, क्लव, युवा समूह लगायत स्थानीय संचारकर्मी एवं संचार क्षेत्रलाई प्रतियोगिताका संयोजक श्री भुवन महर्जनले अपिल गर्दै इच्छुक टिमलाई असोज ७ गते शनिवारभित्र टिम दर्ता गर्न पनि अनुरोध गर्नुभयो । कुनै प्रकार सल्लाह, सुझाव, भौतिक/आर्थिक सहयोग लगायत थप जानकारीका निम्ति संयोजक भुवन महर्जन अथवा अध्यक्ष सुरेन्द्र महर्जन, विक्कि राज महर्जन वा क्लवमा सिधै सम्पर्क गर्न क्लवले अनुरोध गरेको छ । स्मरण रहोस् यस इन्द्रायणी परिवारले मासिक रुपमा बृद्ध बृद्धालाई सम्मान कार्यक्रम, विद्यालय स्तरीय विभिन्न खेलकुद प्रतियोगिता तथा अन्य सामाजिक जागरणका कार्यक्रमहरु निरन्तर गर्दै आइरहेको पनि छ ।

– केशव महर्जन

# नगरपालिकामा लक्षित समूहको सहभागिता, बजेट निर्माण र कार्यान्वयन पक्ष

सत्यकुमार महर्जन

नेपाल बहुजाती, बहुभाषिक,बहुसाँस्कृतिक देशको रूपमा चिनिन्छ । नेपालको अन्तरिम संविधानदेखि अहिले जारी हुने नयाँ संविधानमा पनि लक्षित समुदायको छुट्टै पहिचानका साथ सम्बोधन गर्नु पर्दछ भनी व्यवस्थापन गर्न लागेको देखिन्छ । साथै स्थानीय निकायको विभिन्न तहमा पनि लक्षित समूहको सहभागिता, बजेटमा समावेशी तथा कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको पाइन्छ। यसै सन्दर्भमा हाले नेपाल सरकारले जारी गरेको 'नगरपालिका अनुदान संचालन कार्यविधि २०६७' मा पनि सो को स्पष्ट व्यवस्था गरेको छ ।

'नगरपालिका अनुदान संचालन कार्यविधि २०६७' मा 'लक्षित समूह' भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातीका विपन्न वर्गहरू, जेष्ठ नागरिक, दलित, आदिवासी/जनजाती, भिन्न क्षमता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ भनी परिभाषित गरेको पाइन्छ। यस कार्यविधि अनुसार हरेक आर्थिक वर्षमा नगरपालिकाले नगरपरिषदबाट बजेट तथा कार्यक्रमहरू पारित गर्नु पर्दछ । हुनत नगरपरिषद वारे कार्यविधिमा स्पष्टसँग व्याख्या गरेको छैन तर दलका आधिकारिक एक/एक जना प्रतिनिधिहरू रहेको नगरको विभिन्न समुदाय जस्तो नगरपालिकाले तोकेको सामुदायिक संस्थाका महिला, गैर सरकारी संस्थाहरूबाट छनौट गरी पठाएको प्रतिनिधि, दलित संस्थाहरूबाट छनौट गरी पठाएको प्रतिनिधि, आमा समूह, महिला सहकारी, बाल क्लबहरूले आफूमध्येबाट पठाएका बालप्रतिनिधि, आदीवासी/जनजाती संस्थाहरूले आफूमध्येबाट पठाएका प्रतिनिधि, मधेश, मुश्लिम र पिछडावर्गबाट मनोनित, नगर उद्योग बाणिज्य संघको प्रतिनिधि, समाजसेवी, ज्येष्ठ नागरिकमध्येबाट तोकेका प्रतिनिधिरहेको नगरपालिकाको प्रमुख वा निजले तोकेको पदाधिकारी संयोजक रहेको एकिकृत योजना तर्जुमा समिति गठन गर्नु पर्दछ। ती एकिकृत योजना तर्जुमा समितिले नै वडा वडाहरूबाट नागरिकहरूले छनौट गरी पठाएका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्नु पर्दछ । ती एकिकृत योजना तर्जुमा समितिको कार्यकाल एकवर्ष हुनेछ भनी स्पष्टसंग व्यवस्था गरिएको भए पनि कीर्तिपुर नगरपालिकामा त्यसको कार्यान्वयनपक्ष फितलो भएको देखिन्छ र हरेक योजनामा दलहरूबाट हस्तक्षेप गरेको पाइन्छ।

यस कार्यविधि अनुसार गठन भएको एकिकृत योजना तर्जुमा समितिले पनि बजेटलाई विभिन्न अनुदान शिर्षकमा खर्चको व्यवस्था गर्नुपर्दछ। जस्तो चालु खर्च अनुदान, क्षमता विकास अनुदान, सामाजिक परिचालन अनुदान, पूँजीगत अनुदानको रूपमा वर्गिकरण गरिएको छ । त्यसमा पनि मुख्य त क्षमता विकास अनुदान, सामाजिक परिचालन अनुदान र पूँजीगत अनुदानमा जोड दिएको पाइन्छ । यसरी नगरको क्षमता विकास अनुदान अन्तर्गत सामाजिक परिचालनमा संलग्न, परिचालक, उत्प्रेरकहरूको क्षमता विकास, नगर क्षेत्रमा बसोबास गर्ने दलित, आदिवासी/जनजाती, मधेशी, मुश्लिम, पिछडा वर्ग एवं समाजिक रूपले विपन्न वर्ग, महिला, बालबालिका सम्बन्धि, नगरस्तरीय संजाल क्षमता विकास तथा सीप विकास सम्बन्धि क्रियाकलाप, आयोजनाहरू समावेश गर्नु पर्दछ । त्यस्तै गरी सामाजिक परिचालन अन्तर्गत गैर सरकारी संस्था, समुदायमा आधारित संस्था परिचालन, समुदाय सशक्तिकरण, सामुदायिक मध्येस्ता तथा कानूनी उपचार, बालमैत्री, बालविकास, बालक्लब तथा संजाल विकास, शहरी गरिवी न्यूनिकरण, सामुदायिक कोष संचालन र व्यवस्थापनमा ध्यान दिनु पर्नेछ।

पूँजीगत अनुदानमा सडक, वातावरण, हरियाली व्यवस्थापन, ढल निकास, फोहर व्यवस्थापन, खानेपानी, सरसफाई, सिचाई, सार्वजनिक सम्पत्ति संरक्षण, सडकबत्ती व्यवस्थापन, स्वास्थ्य सुधार, शिक्षा पूर्वाधार , बजार व्यवस्थापन, आर्थिक विकास पूर्वाधार आदिमा बजेटको व्यवस्थापन गर्नु पर्दछ। नगरपालिकाको कोषको कूल पूँजीगत बजेटवाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/ आयोजनाहरूमा तपशिल बमोजिम बजेट विनियोजन तथा कार्यान्वयन संचालन गर्नु पर्दछ।

१) सबै जातजातीका विपन्न महिलाहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमका लागि न्यूनतम १० प्रतिशत । २) सबै जातजातीका विपन्न बालबालिकाहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमका लागि न्यूनतम १० प्रतिशत । (३) सबै जातजाती आर्थिक रूपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग तथा पिछडावर्ग, यौनिक तथा लैंगिक अल्पसंख्यक लगायत एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकेका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रमका लागि न्यूनतम १५ प्रतिशत लगायत अन्य धेरै व्यवस्था गरेको पाइन्छ जुन सम्बन्धि समूहले आफ्ना पहिचान दिइ कार्यक्रमको मांग गर्न सक्नु पर्दछ ।

# लायन्स क्लब कीर्तिपुरको पदस्थापना




कीर्तिपुर सन्देश/

गएको भाद्र १० गते कीर्तिपुर हिलसाइड होटलको सभा हलमा लायन्स क्लब अफ काठमाडौं कीर्तिपुरको पदस्थापन कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा प्रमुख अतिथि लायन्स इन्टर नेशनल डिस्ट्रिक्ट ३२५ A का गभर्नर लायन भरत प्रसाद ढुङ्गेलज्यूले नवविर्वाचित अध्यक्ष लायन रबिन्द्र बहादुर प्रधानसँगै अन्य पदाधिकारीहरूलाई पदस्थापन गर ाउनु भयो। पदस्थापना पश्चात गभर्नर ढुङ्गेलज्यूले नवनिर्वाचित अध्यक्ष रबिन्द्र बहादुर प्रधानलाई ग्याभेल (हथौडा) हस्तान्तरण गर्नुभएको थियो। यस वर्षको कार्यसमिति निम्न बमोजिम गठन भएको छ। लायन्स क्लब अफ काठमाडौं कीर्तिपुरका अध्यक्ष रबिन्द्र बहादुर प्रधान, निवर्तमान अक्ष्यक्षमा लायन राजेन्द्र मानन्धर, प्रथम उपाध्यक्षमा प्रा. डा. रामनाथ खनाल, द्वितिय उपाध्यक्षमा हिर रत्न मानन्धर, सचिवमा वृटिस सिंह, कोषाध्यक्षमा उदयराज श्रेष्ठ, टेमरमा दिनेश महर्जन, जनसम्पर्क अधिकारीमा दिपकराज महर्जन, डाइरेक्टरहरूमा क्रमश: पूर्ण बहादुर महर्जन र हिरा बहादुर महर्जन रहेका छन्। नयाँ सदस्यहरूमा विजयकुमार महर्जन र राजु मानन्धरलाई गभर्नर भरत प्रसाद ढुङ्गेलले इन्डक्सन गराउनुभयो। उक्त पदस्थापन कार्यक्रममा नवनिर्वाचित अध्यक्ष रबिन्द्र बहादुर प्रधानलाई पूर्व अध्यक्षहरू संघ रत्न मानन्धर, विद्याधर शाक्य र आकर्षण प्रधान तथा निवर्तमान अध्यक्ष राजेन्द्र मानन्धर ले संयुक्त रूपमा अध्यक्षीय माला पहिर इदिनु भएको थियो। कीर्तिपुर हिलसाईड होटल एण्ड रिसोर्टमा सम्पन्न भएको उक्त कार्यक्रम सचिव वृटिश सिंहले संचालन गर्नु भएको थियो।

नवनिर्वाचित अध्यक्ष रबिन्द्र बहादुर प्रधानले आगामी वर्ष लायन्स क्लब कीर्तिपुरले १०० जनाको नि:शुल्क मोतिविन्दुको शल्यक्रिया गर्ने, विद्यालय आँखा परीक्षण अभियानको थालनी गर्ने, विभिन्न स्थानहरुमा आँखा शिविरको आयोजना गर्ने, कीर्तिपुर नगरस्तरीय विद्यालय स्तरको पिस पोस्टर (चित्रकला प्रतियोगिता आयोजना गर्ने, मधुमेह (Diabetes) सम्बन्धि जनचेतना बढाउने कार्यक्रम गर्ने तथा कीर्तिपुरका अन्य संघ संस्थाहरूसँग सहकार्य गरी कार्यक्रमहरू गर्ने जानकारी गराउनुभयो। स्मरणीय छ लायन्स क्लब कीर्तिपुरले ई. सं. २००७ फाल्गुणदेखि खासीबजार कीर्तिपुरमा आँखा उपचार केन्द्र संचालन गरी सेवा प्रदान गर्दै आइरहेको छ। त्यस्तैगरी कुतुसाल टोलमा लायन्स शिशु स्याहार केन्द्र संचालन गर्दै आइरहेको छ। पदस्थापना कार्यक्रममा लायन्स इन्टर नेशनल डिस्ट्रिक्ट ३२५ A का पदाधिकार िहरू, विभिन्न लायन्स क्लबका सदस्यहरू, विद्यालयका प्रधानाध्यापकहरू, संघ संस्थाका प्रतिनिधीहरू, महिला समूहहरू, महिला स्वास्थ्य स्वयंसेविकाहरूको उपस्थिति रहेको थियो। यस वर्ष लायन्स क्लब कीर्तिपुरमा २३ जना सदस्यहरू रहेका छन्।

## थुनुवाको डायरी–१०–




## २०६७/०६/२१ बिहिवार

कोही तरकारी पकाइरहेका छन्। कोही मासु पकाईरहेका, कोही रोटी बनाईर हेका, कोही भात पकाईरहेका छन। भित्र कोठामा बस्नेहरूले खाने होला भन्ठानें। त्यही बरण्डाबाट हिंडाएर एउटा कोठामा लग्यो। एउटा लामो कोठा जहाँ लाइन का लाइन बिछ्यौना बिछ्याइराखेका छन्। पूर्व र पश्चिम दिशातिर एक एकवटा अरूभन्दा अलि अग्लो खाट राखिएका छन। पश्चिमतिरको खाटमा एकजना सांवला रंगको अन्दाजी ३०/३२वर्ष उमेरको मोटोघाटो खाइ लाग्दो जिउ भएको युवक बसिरहेको छ। उसले पनि कपाल पालीराखेको छ। हेर्दाखेरिनै डरलाग्दो छ।

“ल तपाइंहरू सबैजना बाहिर जानुहोस।” मलाई भित्र लाने बित्तिक्कै त्यो कोठामा बसिरहेकाहरूलाई कोठा बाट बाहिर पठायो। अब मलाई पिट्ने हो कि भनेर डर लाग्यो। दुईजना कपाल पालेका केटाहरू आए। म सिधा उभिरहें। एकजना केटाले एउटा रजिस्टरमा मेरो नाम ठेगाना र मुद्दाको किसिम लेख्यो। अनि एउटा सानो टुक्रा कागजमा पनि लेख्यो। त्यहाँ उभिंदा उभिंदै मेरो कम्मर दुख्यो। ‘म एकछिन बसुं कि ?’ मैले सोधें। हुन्छ बस भन्यो। म बसें.।

त्यतिकैमा अरू दुईजना केटाहरू पनि ल्याए। एकजना मधिशे केटा अन्दाजी २५ वर्षको होला। उसको नाम रमेश शाह (नाम परिवर्तन) रहेछ। ऊ पनि जवरजस्ती करणी उद्योगको रहेछ। अर्को गोरो नेवार केटा रहेछ। उसको नाम हरि कृष्ण शाही (नाम परिवर्तन) रहेछ। उसलाई ज्यानमारेको अभियोग लगाएको रहेछ। उनीहरूलाई पनि मलाई जस्तै पुर्पक्षको लागि थुनामा पठाएको रहेछ।

“ल तीनजना आम्दानी लेख्नु। अब जम्मा पाँचसय सरचालीस भयो।” नाईके टाईपको केटाले भन्यो।

हाम्रो परिचय र मुद्दाको किसिम सबै लेखिसकेपछि त्यो मोटोघाटो कपाल पालेको केटाले हामीलाई सम्फाउन थाल्यो –तपाईंहरूले जतिसुकै पढेलेखेको भएतापनि, तपाईं जतिसुकै धनि भएपनि, जतिसुकै ठूलो पदको मान्छे भएपनि यहाँभित्र पसेपछि सबै कैदी/ वन्दी हुन। सबै कैदी/बन्दीहरू बराबर हुन। यहाँभित्र प्रहरीको काम छैन। यहाँभित्र हामी कैदीहरुको आफ्नै आन्तरिक प्रशासन छ। आन्तरिक प्रशासन चलाउने र सहयोग गर्नेहरूलाई स्टाफ भन्छन। अरू सबैजना पब्लिक हुन। यहाँ हाम्रो आफ्नै नियम र कानून छ। सबैले मान्नु पर्छ। हाम्रो नियम कानून नमान्ने मान्छे यहाँबाट जिउँदो बाहिर निस्कुंला भनेर नसोचे पनि हुन्छ। कानून उल्लंघन गर्नेलाई आँखामा पत्ति बाँधेर ठूलो बोरामा कोचेर चार पाँच जनाले लौरोले पिट्छन। त्यो पिटाई कहाँ पर्छ, के हुन्छ मतलब हुँदैन।” उसको कुरा सुनेर मेरो जिउनै सिरिंग भयो। उसले भन्दै गयो- यहाँ थुक्ने, मुत्ने, हग्ने अलग अलग ठाउँ छ। जहाँ पायो त्यहाँ थुक्न पाइँदैन। दिसा बस्ने ठाउँमा पानी नलिइकन जान पाईंदैन। पिशाव गर्ने ठाउँ अलग्गै छ। त्यहाँ सुर्ति, खैनी, खकार, सिंगान फाल्न पाइँदैन। यदि फोहोर गर को देखेमा एक महिना कारवाहीमा पर्नेछ। कारवाहीमा पर्ने भनेको बिहान सबेरै, दिउँसो र साँझ गरी दिनको ३ चोटि यो पुरा जेलमा कूचो लगाउनु पर्नेछ। चर्पि सफा गर्नु पर्नेछ। चुरोट पिउनको लागि डाँडा भन्ने ठाउँ छ। त्यहाँ गएर मात्र चुर ोट पिउन पाइन्छ। अन्त पिउन पाईंदैन। यहाँभित्र ग्रुप बनाएर हिंड्न पाईंदैन। यहाँ कसैसँग लेनदेन नगर्नु। कुनै विवाद भयोभने दुवैजनालाई कारवाही गरिने छ।” त्यसपछि एकजना केटाले हामीलाई जेल घुमाउन लग्यो। मैले एक एक चीजलाई गौर गरेर हेरें। जेलको चारैतिर अठारह फीट अग्लो परखालले घेरिएको छ। पर्खाल नजिक दुई फीट खाली ठाउँ छ। त्यहाँ विभिन्न थरिका फूलका बोटहरू रोपिएका छन। त्यसपछि आठ ईन्चको पानी बग्ने नाली अनि छ फुटको बाटो। दोश्रो घरको मोडबाट दक्षिणतिर बाटो गएको छ। त्यो घर सकिनै बितिक्कै एउटा टहरा छ। जहाँ “श्री बन्दी ज्ञानोदय पुस्तकालय, स्थापित २०४८” लेखिएको साईनबोर्ड झुण्ड्याई राखेको छ।

“यो पुस्तकालय विदाको दिन बाहेक विहान ९ बजेदेखि ४ बजेसम्म खुल्छ।” त्यो केटाले भन्यो। नाली त्यहाँबाट भिरालो भएर बगेको छ। त्यो केटाले भन्यो, “थुक्ने, सिंगान फाल्ने यहाँ गर्न सक्छ तर नालिमा पर्ने गरीमात्र।” त्यहाँबाट तल झरें। १३ वटा खुडकिलाहरू रहेछन। त्यो सिढी सकिने बित्तिक्कै पुर्वतिर जाने एउटा गल्लीजस्तो बाटो छ। जुन बाटोको उत्तरतिर ओमशान्ति हल छ। त्यसपछि कारखाना छ। त्यो बाटोको दक्षिणतिर पूर्व पश्चिम लामो तीन तल्ले एउटा घर छ। हामी दक्षिणतिर बढ्यौं। घरको पछाडि खुल्ला मैदान छ। जहाँ सिमेन्टले प्लास्टर गरेर हरियो रंगले र ंगाइराखेको छ। जहाँ पूर्व र पश्चिम बास्केटबल पोष्ट छ। बिचमा भलिबलको जाली राख्न दुईटा पोल गाडिएको छ। त्यहाँ बास्केटबल खेलिरहेको बेला भलिबल खेल्न नमिल्ने रहेछ। तर ब्याडमिन्टन कोर्ट पछाडि भएको हुनाले ब्याडमिन्टन खेल्न मिल्छ। त्यो पश्चिमतिर रहेको नालीको डीलमा बसेर नुहाउन सकिन्छ भन्ने जानकारी दियो। ठूल ठूला पर्खाल बाहिर दक्षिण र उत्तर कुनामा प्रहरीको सुरक्षा पोष्टहरू छन। त्यहाँबाट पूर्व-पश्चिम एक लाईनले कर्कटपाताले छाएको टहरा छ। त्यो त चर्पि रहेछ। मैले चर्पिको खण्ड गनें। ढोका नभएकोले कोठा भन्न मिलेन। चौकोस नहालेको एउटा कोठामा पूर्व-पश्चिम दुईटा दिसा बस्ने ठाउँ रहेछ। यस्तो दशवटा खण्डहरू छन। मतलव एकैचोटि बीस जनासम्मले दिसा बस्न सक्छन्। त्यसपछि उत्तरतिर आउने बाटो छ। बाटोको पूर्वतिर फूलवार ी छ। जहाँ बस्नको लागि ५ वटा सिमेन्टको बेन्चहरू राखिएका छन। त्यहाँ नम्बर खुलेदेखि ढोका सामेल नभएसम्म बस्न पाईंदो रहेछ। पश्चिम तिर खेलकूद मैदान छुट्याइएको फलाम को मोटो जाली छ। फूलबारीको बगलमै चर्पि जान पानी लैजाने प्लास्टिकका भाँडाहरू र पानी थाप्न दुईटा धारा पनि छन। त्यसपछि हामीलाई फर्काएर लग्यो। पिशाव गर्ने ट्वाइलेट देखाउन लग्यो। सेतो टायलले बनाएका तीन फूट अग्लो माथि कर्कटपाताले छाएका १३ वटा खण्डहरू छन। तलदेखि माथिसम्म १६ खुडकिला उक्लेर एउटा अग्लो ठाउँ आयो। पूर्व दक्षिण कुनामा कर्कटपाताले छाएको एउटा टहरा छ। त्यो ठाउँलाई डाँडा भन्दोरहेछ। त्यहाँ तीनवटा तिनको ध्वाँगहरू राखिएका छन। त्यहाँ बसेर मात्र चुरोट पिउन पाईंदो रहेछ। ती तिनहरू चुरोट, खैनी, फ्याक्न राखिएका रहेछन। त्यो ठाउँपछि फेरि एउटा घर छ। जहाँ जेलको आन्तरि क प्रशासन र प्रशासक तथा नाईकेहरू बस्छन। जसलाई ठूलो चौकी भन्दोरहेछ। त्यस पछि एउटा सानो मन्दिर रहेछ। जसमा पूर्वको खण्डमा हनुमानको मूर्ति, उत्तरतिर कुमार-गणेश र सरस्वतीको मूर्ति, पश्चिमको खण्डमा संकटाको मूर्ति, दक्षिणको खण्डमा महादेवको लिंग मूर्ति राखिएको छ। त्यसपछि टेबुलटेनिश हल, सैलुन, किराना पसल र होटल देखाउन लग्यो। हामीले आफै खाना पकाएर खाए पनि हुन्छ। कुनै एउटा भान्सामा खाना खान गएपनि हुन्छ। त्यहाँ चारवटा भान्साहरू रहेछन। मलाई एक नम्बर भान्सामा खाना खान भन्यो। अरू दुई जनालाई दुई नम्बर भान्सामा खाना खान जाउ भन्यो। साँझ ५.३० बजेदेखि ७ बजेसम्म र बिहान ९ बजेदेखि ११ बजेसम्म खाना खाइसक्नु पर्ने जानकारी दियो। त्यसपछि हामी सुत्ने ठाउँ देखाउन लग्यो। अघि टी.बी. देखाइरहेको टी.बी. हल पो देखायो। यति भनि भाइ नाईकेले हामीलाई त्यहीं छाडेर गयो। मसँग ओढ्ने ओछ्याउने केही पनि छैन। त्यस्तो सीमेन्टको भुईमा कसरी सुत्ने ? मैले घडि हेरें। बेलुकाको ६.३० बजिसकेछ। अब आधाघण्टाभित्र खाना खाइसक्नु पर्छ। म औषधी खान स्वास्थ्य केन्द्रमा गएँ। अघि राजुले ल्याईदिएको औषधीबाट एउटा ट्याब्लेट निकालेर दियो। औषधी खाएर एक नम्बर भान्सामा भात खान गएँ। बाहिर धारानिर थाल छ ल्याउनु भन्यो। थाल लिएर गएँ। भात लिन लाइनमा बस्नु पर्नेरहेछ। म पनि थाल लिएर लाईनमा बस्न गएँ। लाइनमा बस्दा मलाई लाग्यो। म भोकाएको एक जना भिखारी हुँ। म भीख मागिरहेको छु। सादा थालमा भात राख्यो। त्यही भातमाथि दाल, तर कारी र अचार राखिदियो। मलाई खाना देखेरनै घिन लाग्यो। त्यतिबेला मलाई घरको याद आयो। घरमा खण्डी थालमा अलग अलग परिकार राखेर खाइरहेको बानि। मलाई भोक पनि लागेको थियो। के मिठो भोक मिठो भनेझैं मैले सबै भात खाएँ। थाल लिएर ट्याकिनिर गएँ। आफैले थाल माझ्ने लाग्दा एकजनाले भन्यो, “थाल माझ्नु पर्दैन। थाल त्यहिं छाडेर हात मुख धोएर जानुस्।” मैले त्यस्तै गरें। मलाई पानी प्यास लाग्यो। पसलमा गएर एक बोतल मिनिरल वाटर किनें। हनुमान ढोकामा एक बोतल पानीको बीस रुपैयाँ लिएको थियो। यहाँ पन्द्र रुपैयाँमा दियो। मलाई खोकि लाग्यो। खकार आयो। कहाँ थुक्ने ? अघि देखाएको थुक थुक्ने ठाउँ खोज्दै गएँ र थुकेर आएँ। अब कहाँ बस्ने ? के गर्ने ? मलाई निन्द्रा पनि लाग्यो। म टी.बी.हलको एक छेउमा पलेटी कसेर दिवारमा अडेस लगाएर बसें। मैले आफूलाई आज सडक बालक खाते ठानें। खाते केटीहरूलाई सभ्य बनाउन खोज्दा आज म आफैं खाते बनिरहेको छु। अरूहरू टी.भी. हेरिर हेका छन। म त्यतिकै निदाएँ।

“ए बाजे उठ्नुस, उठ्नुस” भनेर कसैले उठायो। म झल्यास्स बिउँझें। “ल, ल नम्बर हुन लाग्यो बिछ्यौना मिलाउ।” एकजना केटाले सबैलाई भन्यो। टी.बी.को दायाँ बायाँ कुनाबाट सुकुल बिछ्यौना झिक्दै बिछ्याउन लागे। मेरो त ओढ्ने ओछ्याउने केही पनि छैन। के ओछ्याउने ? म त्यतिकै ठिंग उभिरहें। एक ठाउँमा दुईटा बिछ्यौना लगाउन लगाएर एकजना भाइ नाईकेले एक जना केटालाई भन्यो, “बाको बिछ्यौना छैन। ल, तिमीसँगै सुताउ।”

“आउनुस् बा, हामी सँगै सुतौं।” त्यो केटाले भन्यो। म ज्ञानी बच्चाझैं चुपचाप सुत्न गएँ। एकछिन पछि नाईकेहरू मान्छे गन्न आए। बतीसजना छ एकजना भाइ नाईकेले भन्यो। हामी एकलाईनमा सुतिर हेका छौं। गन्न आउने नाईकेले गन्दै गयो। एकैछिनमा मलाई निन्द्रा लाग्यो। आधार ातमा मेरो निन्द्रा खुल्यो। मलाई बेस्सरी खोकि लाग्यो। खोक्दा खोक्दै म त बेहोस भएछु। एकजना भाइनाईकेले मलाई बोकेर बाहिर अस्पताल लग्यो। उसले अस्पतालको मान्छे बोलायो। उसले आउने बित्तिक्कै मलाई सोध्यो, “बा, टी.बी. रोगी हो ?”

“होइन, पहिले त थिएन, अहिले भए थाहा छैन।” मैले भनें। उसले मलाई एकैचोटि तीनवटा चक्की औषधी ख्वायो। भाइनाईकेले मलाई फेरि म सुत्ने टी.बी. हलमा ल्याए। म आफू सुत्ने बिछ्यौनामा पल्टि गएँ। एकैछिनमा निन्द्रा लाग्यो। यसरी भद्रवन्दी गृहमा मेरो पहिलो रात बित्यो।

क्रमश:.....

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८



# कीर्तिपुरवासीको माग पुरा गराउन.......

दुई दिनको लागि कार्यक्रम स्थागन गरेको घोषणा गर्नु अगाडि सो स्थानमा विरोध सभा समेत भएको थियो ।

कीर्तिपुरवासी, प्राध्यापक, कर्मचारीहरू सहभागि भएको सो सभामा नेवाः स्वायत्त राज्य मंका परिषद् कीर्तिपुरका अध्यक्ष मण्डलका सदस्यहरू राममान सिंह र कृष्णहरी महर्जनले कीर्तिपुरवासी प्रा. डा. हिराबहादुर महर्जनका लागि तालबन्दी रहेको कार्यालयको ताला खोल्न तयार रहेका कीर्तिपुरवासीका जायज माग पुरा नभए तालबन्दी गर्न र आन्दोलनको नेतृत्व गर्दै अगाडि बढ्न समेत आफूहरू तयार रहेको समेत बताउनु भएको थियो ।

मंकाः परिषद्का सचिव श्रीकृष्ण महर्जनले संचालन गर्नु भएको सो सभामा आन्दोलनरत प्राध्यापकहरूको तर्फवाट सीताराम न्यौपानेले सरकार, प्राध्यापक र उपकुलपतिहरू वीच वार्ता भइरहेको र वार्ता अन्तिम चरणमा पुगेका कारण भाद्र २७ गते सम्मका लागि ताला खोल्ने कार्यक्रम स्थगित गर्न र भाद्र २८ देखि कीर्तिपुरवासीका जायज मागहरू पुरा गराउन आफूहरूपनि संगसंगै हिड्न तयार रहेको प्रतिबद्धता जनाउनु भएको थियो ।

त्रिविमा भएको सो सभामा मंकाः परिषद्को अध्यक्ष मण्डलका संयोजक पञ्चलाल महर्जनले सरोकारवालाहरू वीच वार्ता अन्तिम चरणमा पुगेको र दुई दिनका लागि कार्यक्रम स्थगित गर्न सरोकारवालाहरूको तर्फबाट अनुरोध गरेको उल्ले गर्दै सरकार, प्राध्यापक, विद्यार्थी, प्रशासन लगएकतका क्षेत्रको विशेष अनुरोधलाई स्वीकार गर्दै भाद्र २७ गते सम्मका लागि तालाबन्दी खोल्ने कार्यक्रम स्थगित गर्ने र २८ गते विहानै कीर्तिपुरवासीले तालाबन्दी खोल्ने र सो समयमा प्राध्यापकहरू, प्रहरी प्रशासन, विद्यार्थी र कर्मचारीहरूले समेत सहयोग गर्ने विश्वास ब्यक्त गर्नु भयो ।

कार्यक्रममा संयोजक महर्जनले त्रिविमा कीर्तिपुरवासीको हक अधिकारका लागि अबदेखि हुने प्रत्येक आन्दोलनमा सबै पक्षको सहयोग र साथ रहने विश्वास गर्दै आन्दोलन भने जारी रहेको बताउनु भएको थियो ।

यसै वीच आन्दोलनरत विभिन्न प्राध्यापक संघ संगठन प्रजातान्त्रिक प्राध्यापक संघका अध्यक्ष प्रा. गुणनिधि न्यौपने, नेपाल राष्ट्रि प्राध्यापक संघका महासचिव डा. चन्द्रमणी पौडेल र लोकतान्त्रिक प्राध्यापक संघका अध्यक्ष उदय किशोर तिवारीले संयुक्तरुपमा भाद्र २७ गते साँझ नै संयुक्त विज्ञप्ति जारी गर्दै सरकारसंगको वार्तामा सहमति भएका कारण देशभरिका विश्व विद्यालहरूमध्ये महेन्द्र संस्कृत विश्व विद्यालय बाहेक त्रिभुवन विश्व विद्यालय लगायत ६ वटै विश्वविद्यालयको ताला खोल्ने कुरा उल्लेख गरेको छ ।

सो विज्ञप्ति जारी गरिसकेपछि मंगलवारकै दिनमा आन्दोलनरत विभिन्न प्राध्यापक संघ संस्थाका प्रतिनिधिहरूले नै साँझ नै उपकुलपतिको कार्यालयमा लगाईएको तालाबन्दी खोलेको थियो ।


## सुहाना क्याटरिङ सर्भिस

**ट्याङ्ला, कीर्तिपुर**

**नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस् ।**

**Buffet Dinners Luncheons, B.B.Q.S etc**

Sudarsan Karki
(Mobile 9841461573, 9803910869, 433447)


# तत्काल राहत कार्यक्रम २०६८

## ब्यंग सन्देश
## – चक्रब्यूह –

नयाँ प्रधानमन्त्री डा. बाबुराम भट्टराईको 'तत्काल राहत कार्यक्रम २०६८' घोषणाले आम जनतामा तत्कालै राहत पुग्छन् कि पुग्दैन थाहा छैन । तर सरकारले 'तत्काल राहत कार्यक्रम २०६८' अनुसार राहत पाउने आशामा बस्नु स्वाभाविक हो । पाउँदा राहत, नपाउँदा आहत, सस्तोमा पाउँदा राहत, महंगोमा पाउँदा आहत, सुविधा पाउँदा राहत, असुविधा हुँदा आहत, सुरक्षा हुँदा राहत, असुरक्षित हुँदा आहत, यसमा कुनै अनौठो मान्नु पर्दैन । यो नेपाली जनताले राहत भन्दा आहत बढी पाएका छन, भोगेका छन । राहत पाउनु त राहत कार्यक्रम घोषणा गर्ने नयाँ प्रधानमन्त्री पनि पाउनु पऱ्यो नि ।पहिलेका प्रधानमन्त्री तथा सरकारले के के राहत कार्यक्रम घोषणा गरिसकेका थिए र के के राहत र आहत जनताले पाए थाहा छैन । किनकि 'खोलो तऱ्यो लौरो विर्स्यो' नेपाली उखानले स्थान पाएकै छन । अहिलेका प्रधानमन्त्री तथा सरकारले घोषणा गरेको राहत कार्यक्रम आम नेपाली जनताले पाउन सक्छन् कि सक्दैन वा आफ्नै वरिपरिका निश्चित कार्यकर्ता, व्यापारी, उद्योगी, सहकारी, चलचित्रकर्मि, खेलाडि, बेरोजगार, महिला, दलित, जनजाती, आफ्नै द्वन्द पिडित, लडाकु, वेपत्ता पारिएका नागरिक, सरकारी मधेशवादी नागरिकले मात्र पाउँछन् ? हेर्न बाँकी छन । 'हात्ती आयो, हात्ती आयो फूस्सा' हुने त होइन ?

हुन त नेपाली जनताले एनेकपा माओवादीबाट भारी मात्रामा आश्वासन पाएका छन । नेपाली जनताले विश्वलाई अचम्म पार्ने शान्तिपूर्ण आन्दोलन गरेका छन । कठोर जनयुद्ध गरेका लडाकुहरू शान्तिपूर्ण बाटोमा आएका छन् । नेपाली जनता आफैले संविधान बनाउने अधिकार पाएका छन । आफ्नो नेता आफै छान्न पाउने, आफ्नो सभासद आफै चुन्न पाउने अधिकार पाएका छन । ३३ प्रतिशत महिलाको अधिकार पाएका छन । सबै जनजातीहरूले आफ्नो पहिचान पाएका छन । नेपालमा आ-आफ्नो स्वायत्त राज्य पाउनको लागि आवाज उठाउने अधिकार पाएका छन । अतः अझ भनौं ३६४ वर्षपछि नेपाली जनताले संघिय लोकतान्त्रिक गणतन्त्र नयाँ नेपाल पाएका छन । अव त नयाँ प्रधानमन्त्रीको जोश र होसबाट घोषित तत्काल राहत कार्यक्रमले संक्रमणकालीन नयाँ व्इवस्थापन पाउने भएका छन । सुशासन र भ्रष्टाचार नियन्त्रण हुने भएका छन । दैनिक खाद्यपदार्थमा सहुलियत पाउने भएका छन । घुम्ति पसलबाट घरघरमा सामान पाउने भएका छन । ठाउँ ठाउँमा ग्यास पाउने भएका छन । विद्यार्थी, अपाङ्ग आदिहरूले राशनकार्ड पाउने भएका छन । त्यस्तै तत्काल राहत कार्यक्रमले शान्ति सुरक्षा, यातायात सुविधा, बैंकिङ, दसैं तिहारको लागि खुद्रा सफा नयाँ नोट, उज्यालो रात, धारामा पानी, बेरोजगारीलाई रोजगारी, शुद्ध खाना, फलफूल सफा सुन्दर हरियाली शहर पाउने भएका छन ।

मध्यकालिन र दीर्घकालिन राहत कार्यक्रम घोषणा हुन त बाँकी नै छन् रे । यसले के के राहत दिने भन्ने विषयमा छलफल हुँदै होला । सुरुमा घोषणा गरेका तत्काल राहत कार्यक्रमलाई तत्कालै उपयोग गरौं, किन कि तत्कालै राहत लिएनौ भने मध्यकाल र दीर्घकालिन राहत घोषणा भयो भने तत्काल राहत पाउन नसक्ने पनि हुनसक्छ । नेपाली जनताले चाहेको दीर्घकालिन शान्तिसुरक्षा कार्यनीति, सबै नेपाली शान्तिपूर्ण बाँच्न पाउने अधिकार निर्धक्क रुपमा आ-आफ्नो पेशा व्यवसाय गर्न पाउने अवसर, लडाकु व्यवस्थापन तथा समायोजन, नेपाली जनताले चाहना गरेको नयाँ नेपालको नयाँ संविधान घोषणा, संघिय राज्य प्रणाली, संघिय लोकतान्त्रिक गणतन्त्र नेपालमा ठूलो नेताहरूको राज्यमा पहुँच, केन्द्रिय नेताहरूको मात्र बोलबाला हुने वातावरण, संविधान सभाका सभासदहरूको आयु लम्ब्याउने राहत पाकेत कार्यक्रम निरन्तरता होला ।

'हुने विरुवाको चिल्लो पात' भनेझै प्रधानमन्त्रीको नयाँ विचार नयाँ व्यवहार, नयाँ मितव्ययिता, समान अवसर, नेपाली सामान र बजारको सदुपयोगले केही सहानुभूति कमाएकै छन । मधेशी लोभलालचसँगको सहकार्यले नयाँ गठबन्धन सरकारले के के घोषणा गर्दछन ? हेर्न बाँकी नै छन् ।

# दशैं विशेष कीर्तिपुर सन्देश साप्ताहिकमा......

**दशैं र मोहनी वीचको भिन्नता ?**

**कीर्तिपुरमा महिलाहरुको खड्ग जात्रा ?**

**जात्रामा निकालिने ऐतिहासिक एवं सांस्कृतिक नाच देवीनाच ?**

**दशैंको समयमा जीव वली घर घरमा कम हुदै जानुको कारण ?**

**दशैं विशेष अंकमा आ□नो ब्यापार ब्यवसायको विज्ञापन, सूचना, शुभकामना तथा अन्य सामग्रीहरु प्रकाशन गरि मौकाको फाईदा उठाउनु होला ।**

**दशैं सम्वन्धि लेख रचना कीर्तिपुर सन्देशमा प्रकाशनका लागि पनि सम्पर्क गर्नु होला**


खोज पत्रकारिताको नमुना कीर्तिपुर सन्देश साप्ताहिक
हरेक बुधवारको नयाँ अंक विशेष अंक

कीर्तिपुर सन्देश



फोन ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com

वहिस्करणमा पारिएका समुदायको दृष्टिमा

# संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान

## भाग ६ संघीय व्यवस्थापिका

**६३.अधिवेशनको आव्हान र समापन तथा प्रतिनिधि सभाको विघटन**ः १) राष्ट्राध्यक्षबाट संघीय जनप्रतिनिधि सभाका लागि निर्वाचन भएको एक महिना भित्र संसदको अधिवेशन आव्हान गरिने छ। त्यसपछि यस संविधान बमोजिम राष्ट्राध्यक्षबाट समय समयमा अन्य अधिवेशन आव्हान गरिनेछ। तर, एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका वीचकोअवधि ६ महिना भन्दा बढी हुने छैन।

२) राष्ट्राध्यक्षबाट संसदको दुबै वा कुनै सदनको अधिवेशनको अन्त्य गर्न सक्नेछ।

३) राष्ट्राध्यक्षबाट संघीय जन प्रतिनिधि सभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी संघीय जनप्रतिनिधि सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले समावेदन गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोकिनेछ। र त्यसरी तोकिएको मिति र समयमा संघीय जनप्रतिनिधि सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ।

४) राष्ट्राध्यक्षबाट प्रधान मन्त्रीको सिफारिसमा संघीय जनप्रतिनिधि सभाको विघटन गर्न सक्नेछ। त्यसरी संघीय जनप्रतिनिधि सभा विघटन गर्दा ६ महिना भित्र नयाँ संघीय जनप्रतिनिधि सभाका लागि निर्वाचन हुने मिति समेत तोकिनेछ।

**६४. राष्ट्राध्यक्षबाट संवोधन तथा संदेश**ः १) राष्ट्राध्यक्षबाट संसदको कुनै वा दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसको निमित सदस्यहरूको उपस्थिति समावेश गर्न सक्नेछ। २) राष्ट्राध्यक्षबाट जनप्रतिनिधि सभाका लागि भएको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक सालको पहिलो अधिवेशनको प्रारम्भ भएपछि संसदको दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गरिनेछ। ३) राष्ट्राध्यक्षबाट संसदको दुबै वा कुनै संदनलाई सन्देश पठाउन सकिनेछ। त्यस्तो सन्देश प्राप्त गर्ने सदनले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशीघ्र विचार गरी आफ्नो राय राष्ट्राध्यक्षमा पेश गर्नेछ।

**६५. गणपूरक संख्या**ः यस संविधानमा अन्यथा लेखिएकामा बाहेक संसदको कुनै पनि सदनको बैठकमा सो सदनको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित नभए सम्म कुनै प्रश्न निर्णयका लागि प्रस्तुत हुनेछैन।

**६६. बहसमा बन्देज**ः (१) नेपालको कुनै अदालत समक्ष विचाराधिन रहेको कुनै मुद्दा सम्बन्धी विषयमा संसदको कुनै सदनमा छलफल गर्न पाइने छैन। (२) कुनै न्यायाधिशले आफ्नो कर्तव्य पालनको सिलसिलामा गरेको कुनै कार्य सम्बन्धमा संसदको कुनै सदनमा छलफल गर्न पाइने छैन। तर, महाभियोगको प्रस्तावमा छलफल गर्दा न्यायाधिशको आचरणको सम्बन्धमा कुनैकुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन।

**६७. सदस्यको स्थान रिक्त रहेको अवस्थामा सदनको कार्य संचालन**ः संसदको कुनै सदनको कुनै सदस्यको स्थान रिक्त छ भने पनि सदनले आफ्नो कार्य संचालन गर्न सक्नेछ र संसदको कुनै सदनको कारवाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भैसकेको कार्य अमान्य हुने छैन।

**६८.मतदान**ः यस संविधानमा अन्यथा व्यवस्था गरिएकोमा वाहेक संसदको कुनै सदनमा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरूको बहुमतबाट हुनेछ। अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतया मत दिने अधिकार हुने छैन तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ।

क्रमशः.........

# मंगल उच्च माविमा बास्केटबल प्रतियोगिता



मङ्गल उच्च मा.वि/क्याम्पसमा भाद्र २५ गते भएको अन्तर कक्षा/संकाय छात्र छात्रा बास्केटबल प्रतियोगिता २०६८ मा छात्र तर्फ वि.वि.एस. दोस्रो वर्ष र छात्रातर्फ मिक्स टिम विजय हुन सफल भयो।

यस विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने क्रममा क्याम्पसको वार्षिक क्यालेन्डर अनुसार भाद्र २५ गते सम्म खेलकुद शिक्षक महेन्द्र महर्जनको संयोजकत्वमा अन्तर कक्षा/संकाय छात्र छात्रा वास्केटबल प्रतियोगिता सम्पन्न भयो। जम्मा ८ वटा टिमले प्रतियोगितामा सहभागिता जनाइएका थिए। नक आउटको आधारमा खेलाइएको उक्त प्रतियोगितामा फाइनलमा वि.वि.एस. दोस्रो वर्षले एघार शिक्षा संकायलाई १३(२, २१(७, ६(११ र १५(१४ ले पाखा लगाए । विजय टिमको लागि रोसन पुलामीले सर्वाधिक २८ स्कोरको योगदान दिए भने सुदेन श्रेष्ठले १८ स्कोरको योगदान दिएका थिए। उपविजेता टिमको लागि सर्वाधिक नहेन्द्र महर्जनले १४ अंकको योगदान दिएका थिए। त्यसै गरि २५ गते नै भएको छात्रा तर्फको फाइनलमा मिक्स टिमले वि.एड. प्रथम वर्षलाई १०(६ को स्कोरले पराजित गरि विजय बन्न सफल भयो। विजय टिमका लागि सर्वाधिक ६ स्कोर प्रतिक्षा महर्जन तथा पराजित टिमका लागि सपना महर्जनले ४ स्कोरको योगदान दिएका थिए।

विजय खेलाडीहरुलाई पदक तथा प्रमाणपत्र स्वागत तथा विदाइ कार्यक्रममा प्रदान गरिनेछ।


# हार्दिक श्रद्धाञ्जली

यस संस्थाका अध्यक्ष सुमन्त कुमार महर्जनको हजुर बुबा **बुलाल महर्जन**को यही भाद्र २६ गते सोमवार ८५ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं



स्व. बुलाल महर्जन

जन्म : ने.सं.१०३७ जलागा अष्टमी

मृत्यु : ने.सं.११३१ जलागा पूर्णिमा

**आस्था वचत तथा ऋण सहकारी संस्था लि., तथा आस्था स्टोर**

पाँगा दोबाटो, नयाँबजार, कीर्तिपुर

# नगां ज्ञानमाला भजनको तेह्रौं वार्षिक कार्यक्रम सम्पन्न

कीर्तिपुर सन्देश/

नगां ज्ञानमाला भजन खलः नगाउँको तेह्रौं वार्षिक साधारण सभा यहि भाद्र २४ गते सामुदायिक भवन नगाउँमा सम्पन्न भयो। ज्ञानमाला भजन खलःका अध्यक्ष धनबहादुर महर्जनको सभापतित्व तथा भिक्षु धर्मकीर्ति महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रमको संचालन वृद्ध सेवा समितिका अध्यक्ष हीरा डंगालेले संचालन गर्नु भएको थियो।

उपाध्यक्ष भीमदास महर्जनले स्वागत गर्नुभएको थियो भने अर्का उपाध्यक्ष अष्टवहादुर डंगोलले धन्यवाद दिनु भएको थियो। सचिव विश्वराज महर्जनले ज्ञानमाला भजन खलःको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। त्यस अवसरमा राम्रो काम गरेवापत ३ जना उपाध्यक्षहरू अष्टवहादुर डंगोल, भीमदास महर्जन, सन्तोष महर्जनलाई प्रमुख अतिथि भिक्षु धर्मकीर्तिले दोसल्ला ओढाई सम्मान गर्नुभयो। भु.पु. प्रधानाध्यापक बेखामान महर्जन, लायकू शैक्षिक केन्द्रका देव आनन्द महर्जन र समाजसेवी रत्न वहादुर महर्जनले पनि मन्तव्य दिनु भएको थियो। उक्त कार्यक्रममा वृद्ध सेवा समितिको अक्षयकोषमा सहयोग गर्नुहुने महानुभावहरूलाई वृद्ध सेवा समितिका अध्यक्ष हीरा डंगोलले कदरपत्र प्रदान गर्नु भएको थियो। जसमा रामलाल सिंहका छोरा र ामभक्त सिंहले रु. १०००००/-, दक्षिणकाली मुविज २००००/- वैद्य बुद्धिलाल महर्जनले १५०००/- उमामहेश्वर बचत तथा ऋण सहकारी संस्था लि. १००००/- भिक्षु सोभित महास्थविर ५०००/- लगायतले सहयोग गर्नु भएको थियो।

# पाँगा तःगुठीका न्वकूको निधन



कीर्तिपुर सन्देश /

पाँगा कीर्तिपुरको भैरवनाथ तःगुठीका आठजना थकालीमध्ये (न्वकू) दोश्रो रोलक्रममा रहनु भएका पाँगा धुसिका बुलाल महर्जनको यहि भाद्र २६ गते समयबजि पुन्हिका दिन ९५ वर्षको उमेरमा स्वर्गवास हुनुभयो।

उहाँ ने.सं.१०३७ ञलागा अष्टमीका दिन पाँगा महाबो टोलमा जन्मनु भएको थियो। हाल उहाँ पाँगाको धुसिटोलमा घर बनाएर श्रीमती अष्टमाया महर्जन सहित कान्छो छोरा टिकाराम महर्जनसँग बस्दै आइर हनु भएको थियो।

उहाँका दुई छोराहरूमध्ये जेठो छोरा जोगलाल महर्जनको तीन वर्ष पहिलेनै स्वर्गवास हुनु भएको थियो। उहाँको निधनप्रति कीर्तिपुर सन्देश परिवार हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

# पेट्सान केन्द्रिय कार्यालयको उद्घाटन



कीर्तिपुर सन्देश/

गत भाद्र २४ गते सार्वजनिक शैक्षिक गुठी विद्यालय संघ (पेट्सान) को केन्द्रिय कार्यालयको उद्घाटन काठमाडौं जिल्ला शिक्षा अधिकारी बाबुकाजी कार्कीले गर्नुभयो। त्यहिं कार्यक्रममा पेट्सान काठमाडौं जिल्लाको भेला पनि भएको थियो। उक्त भेलाको उद्घाटन सभासद रविन्द्र अधिकारीले गर्नु भएको थियो।

पेट्सान काठमाडौं जिल्ला तदर्थ समितिका अध्यक्ष विजयकुमार वस्नेतको सभापतित्वमा पेट्सान केन्द्रिय सचिव जे.एस. पौडेलद्वारा संचालित उक्त कार्यक्रममा पेट्सान केन्द्रिय अध्यक्ष र मेश मान महर्जनले पेट्सानको गठनदेखि अहिलेसम्मको गतिविधिको बारेमा प्रकाश पार्नुहुँदै भन्नुभयो, 'पेट्सानमा आवद्ध विद्यालयहरू नाफा कमाउने उद्देश्यले संचालन भएको नभइ आजको जमानामा कम पैसामा स्तरीय शिक्षा दिन गठन भएका हुन। यस वर्षको एस.एल.सी. पर ीक्षामा पेट्सान अन्तर्गतका राराहिल मेमोरियल स्कुलका विद्यार्थी शिरीष महर्जनले कीर्तिपुर भेगकै सर्वोत्कृष्ट अंक ९२.५० प्रतिशत ल्याउन सफल भएको स्मरण गराउनु भयो। यी विद्यालयहरूको सम्पत्ति जोड्ने हो भने अरबौं रुपैयाँको छ। तर सरकारले अहिलेसम्म कुनै सुविधा दिएको छैन।

नाफारहित संचालन भएको विद्यालय भएको हुनाले सरकारले यी विद्यालयहरूलाई सामुदायिक विद्यालय सरह करबाट मुक्त गर्नुपर्छ र सरकारले उच्च शिक्षाको लागि दिइने ४५ प्रतिशत छात्रवृत्तिमा यी विद्यालयबाट पास भएका विद्यार्थीहरूलाई पनि सहभागि गराउनु हुन अनुरोध गर्दछु।" उहाँले यी विद्यालयहरूको संरक्षकत्व सरकारले लिनुपर्नेमा पनि जोड दिनुभएको थियो।

विशिष्ट अतिथी सभासद रविन्द्र अधिकारीले आफ्नो मन्तव्यको क्रममा नीजि विद्यालयलेजस्तो केवल नाफा कमाउने उद्देश्यले संचालन नगरेको भएपनि शैक्षिक गुणस्तर उकास्न निश्चित मात्रामा नाफा पनि चाहिन्छ। विद्यालयका कर्मचारी र शिक्षककहरूको तलव पनि सम्मानजनक हुनुपर्छ। यो पेट्सान अन्तर्गतका विद्यालयहरू नीजि विद्यालय र सामुदायिक विद्यालय बीच आफ्नो अस्तित्वको खोजि गरिरहेको छ। यी विद्यालयहरूमा एकरुपता हुनुपर्छ। शिक्षक नियुक्तिमा पारदर्शिता हुनुपर्छ। शिक्षकहरू पनि जहाँ पैसा त्यहाँ दौड्नु समाजको विकार हो। यी विद्यालयहरूले राम्रो नतिजा ल्याउन सफल भएको छ। विद्यालय व्यवस्थापनको कमजोरीले कतिपय यस्ता विद्यालयहरू बन्द पनि भएका छन। यसमा सबैले ध्यान पुऱ्याउनु पर्ने सल्लाह दिनुभयो।

प्रमुख अतिथि काठमाडौं जिल्ला शिक्षा अधिकारी बाबुकाजी कार्कीले शिक्षकहरूले राम्ररी पढाउनु पर्छ। किनकी जहाँ विद्यार्थी हुन्छ त्यहाँमात्र शिक्षक हुन्छ। जहाँ विद्यार्थी हुँदैन त्यहाँ शिक्षकले पनि काम पाउँदैन। त्यसैले शिक्षकहरूले पनि आफ्नो पढाई स्तरलाई राम्रो बनाउनु पर्ने सल्लाह दिनुभयो। अहिले विद्यालयहरूको विचमा कडा प्रतिस्पर्धा छ। ४०० भन्दा कम विद्यार्थी भएको विद्यालय बन्द गर ेपनि हुन्छ। विद्यालयमा पारदर्शिता र जवाफदेहीता हुनु पर्नेमा जोड दिंदै उहाँले भन्नुभयो, अहिले नेपालमा मिशन टु डिस्टिंकसन, नो थर्ड डिभिजन अभियान चलाउने भएको छ। सरकारी विद्यालयको नाममा थोरै विद्यार्थी भएको ठाउँमा पनि धेरै शिक्षकहरू कार्यरत रहेको जानकारी दिनुभयो। काठमाडौं जिल्ला शिक्षा कार्यालयले अनुगमन टोली गठन गरी विद्यार्थी नभएका प्राथमिक विद्यालयलाई बन्द गरी एक अर्कोमा गाभ्ने काम गरेको छ। यसपछि निम्न माध्यमिक र माध्यमिक विद्यालयको पालो पनि आउने बताउनु भयो।

पेट्सानको केन्द्रि कार्यालय त्रिपुरेश्वरमा रहेको छ। त्यही कार्यालयको सभाहलमा पेट्सान काठमाडौं जिल्लाको भेला भयो। सो भेलाले विजय कुमार वस्नेतको अध्यक्षतामा ११ सदस्यिय काठमाडौं जिल्ला समित गठन गरेको छ।


## कीर्तिपुरवासीलाई खुसिको खबर

कीर्तिपुरमा खोज पत्रकारीता गर्दै आएको यस कीर्तिपुर सन्देश साप्ताहिकले तपाई पाठक वर्ग र सरोकारवाला वीचको सम्वन्ध र जिज्ञासालाई स्पष्ट पार्ने एउटा नयाँ स्तम्भ सुरुवाट गर्न लागेको कीर्तिपुरवासीलाई खुसिको खबर छ।

**प्रतिक्षा गर्नु होला**

साप्ताहिक रूपमा एउटा नितान्त नयाँ स्तम्भ तपाईका लागि


कीर्तिपुर सन्देश
KIRTIPUR SANDESH WEEKLY
साप्ताहिक
किर्तिपुरवासीद्वारा १५ दिने अल्टिमेटम

कीर्तिपुर सन्देश साप्ताहिक

फोन ४३३३००७, ९८४१४०१०७७



## हार्दिक बधाई



श्री आदिनाथ मा.वि.का प्रधानाध्यापक, यस सहकारी संस्थाका संस्थापक सदस्य तथा शिक्षा समितिका संयोजक श्री **जुजुभाइ महर्जन**लाई नेपाल सरकार, काठमाडौं जिल्ला शिक्षा कार्यालयबाट यस वर्षको शिक्षा सम्मान पुरस्कार ताम्रपत्रबाट सम्मानि हुन सफल हुनु भएकोमा उत्तरोतर प्रगतिको कामना सहित हार्दिक बधाई ज्ञापन गर्दछौं।

पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि, परिवार

ढोकासी, पाँगा, की न पा ९